# लोक सेवा आयोग
# दाङ कार्यालय
## तुलसीपुर, दाङ

## रा. प. तृतीय श्रेणी(अप्राविधिक), शाखा अधिकृत वा सो सरह पदको प्रथम चरणको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

***सूचना नं. १४/०८२-८३, मिति २०८२/१०/०८***

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको **विज्ञापन नं. १६७०१-१६७०७/०८२-८३ (खुला तथा समावेशी), रा.प. तृतीय श्रेणी** (अप्राविधिक), संयुक्त र एकीकृत परीक्षा प्रणाली अन्तर्गत शाखा अधिकृत वा सो सरह पदमा **दाङ परीक्षा केन्द्र** राखी Online दरखास्त फाराम स्वीकृत भएका सम्पूर्ण उम्मेदवारहरूको प्रथम चरणको प्रतियोगितात्मक लिखित परीक्षा पूर्वनिर्धारित कार्यक्रम अनुसार देहायको मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरूले सहयोगी लेखक माग गर्नुपर्ने कारण र प्रमाण सहितका कागजातहरू संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८ (१) बमोजिम परीक्षा सुरू हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ।

परीक्षार्थीहरूले पालना गर्नुपर्ने नियमहरू **द्रष्टव्य** मा उल्लेख गरिएको छ।

### परीक्षा कार्यक्रम

| पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | अवधि |
|---|---|---|---|---|
| प्रथम | प्रशासनिक अभिरूची परीक्षण (Administrative Aptitude Test) | वस्तुगत : बहुवैकल्पिक प्रश्न (Objective: Multiple Choice Questions) | २०८२ माघ २४ गते, दिनको ११:०० बजे | १ घण्टा ३०मिनेट |

### परीक्षा केन्द्र

| क्र. सं. | उम्मेदवारको रोल नं. | | उम्मेदवार संख्या | परीक्षा केन्द्र |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | ६१०००१ | ६१०२४० | २४० | श्री राप्ती बबई क्याम्पस, केन्द्र 'क', तुलसीपुर, दाङ |
| २ | ६१०२४१ | ६१०४६० | २२० | श्री राप्ती बबई क्याम्पस, केन्द्र 'ख', तुलसीपुर, दाङ |
| ३ | ६१०४६१ | ६१०६४० | १८० | श्री राप्ती बबई क्याम्पस, केन्द्र 'ग', तुलसीपुर, दाङ |
| ४ | ६१०६४१ | बाँकी सबै उम्मेदवार | | श्री राप्ती बबई क्याम्पस, केन्द्र 'घ', तुलसीपुर, दाङ |

**द्रष्टव्य : उम्मेदवारले अनिवार्य पालना गर्नु पर्ने विषयहरु**

क) उम्मेदवारले उत्तरपुस्तिकामा **कालो मसी भएको डटपेन/कलम मात्र प्रयोग गर्नुपर्नेछ** अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

ख) प्रवेश पत्र बिना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा उम्मेदवारले **प्रवेश पत्रका साथ** आफ्नो **नागरिकता** वा नेपाल सरकारबाट जारी भएको **फोटो सहितको कुनै परिचयपत्र** अनिवार्यरूपमा लिई आउनुपर्ने छ।

ग) उम्मेदवारले आफ्नो प्रवेशपत्र लिई परीक्षा सुरु हुनुभन्दा कम्तिमा १ (एक) घण्टा अगावै सम्बन्धित परीक्षा केन्द्रमा पुग्नुपर्ने छ।

घ) परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित बिदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम स्थगित हुने छैन।

ङ) परीक्षा भवनमा झोला, मोबाइल फोन, स्मार्ट वाच लगायतका विद्युतीय सामाग्री निषेध गरिएको छ।

च) परीक्षामा कुनै पनि प्रकारको क्याल्कुलेटर (Calculator) प्रयोग गर्न पाइने छैन।

छ) प्रवेश पत्रमा उल्लेख गरिएका उम्मेदवारले पालना गर्नुपर्ने नियमहरु अनिवार्यरूपमा पालना गर्नु पर्नेछ।

ज) परीक्षामा ओ.एम.आर. (OMR) उत्तरपुस्तिकाको प्रयोग हुनेछ।

झ) तोकिएको परीक्षा केन्द्र बाहेक अन्य परीक्षा केन्द्रमा कुनै पनि उम्मेदवारलाई सम्मिलित गराईने छैन।

| | | |
|---|---|---|
| ......................... | ............................ | .............................. |
| (कृष्ण प्रसाद गौतम) | (रमेश घिमिरे) | (राज कुमार अधिकारी) |
| कम्प्युटर अपरेटर | शाखा अधिकृत | कार्यालय प्रमुख |